# गौशाला नगरपालिकाको आर्थिक ऐन २०७५

सभाबाट स्वीकृत मितिः –२०७५।०३।२०

गौशाला नगरपालिका

# <u>गौशाला नगरपालिकाको आर्थिक ऐन–२०७५</u>

गौशाला नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गौशाला नगर सभाले यो ऐन बनेको छ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" ।

(२) यो ऐन नगरसभाबाट पारीत भएको दिनबाट गौशाला नगरपालिका क्षेत्रमा लागू भयो ।

२। **सम्पति करः** गौशाला नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३। **भूमि कर (मालपोत)** गौशाला नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) असूल उपर गरिनेछ ।

४। **घर वहाल करः** गौशाला नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५। **व्यवसाय करः** गौशाला नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६। **सवारी साधन करः** गौशाला नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७। **विज्ञापन करः** गौशाला नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **एकीकृत सम्पती कर :** कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि एकीकृत सम्पती करमा समावेश हुने करहरु एकीकृत सम्पती कर लागू भएपछि स्वतः खारेज हुनेछ। एकीकृत सम्पती कर कानुनमा व्यवस्था भए बमोजिम असुल उपर गरिनेछ।

९। **मनोरन्जन कर:**गौशालानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०। **पार्किङ शुल्कः** गौशाला नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११। **सेवा शुल्क, दस्तुरः** गौशाला नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार सेवाशुल्क,दस्तुर करलगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित व्यहोराबमोजिम हुनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१३।** **दस्तुरः** ढुङ्गा गिट्टी नदिजन्य पदार्थमा लगाइने शुल्क कानुनमा व्यवस्था भए बमोजिम शुल्क लगाइने र असुलउपर गरिने छ।

१४। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गौशाला नगरपालिकाले तोके अनुसार हुने छ ।

१५। **रजिष्टेशन दस्तुरः** साविक न.पा.मा १० प्रतिशतले र न.पा.मा गाभिएका साविक गाविसहरु, वडाहरुमा २० प्रतिशतले बृद्धिगरिनेछ।

१६। **नक्शापास दस्तुर छुटः** भुकम्पबाट प्रभावित रातो कार्ड प्राप्त लाभग्रहीलाई नक्शापास दस्तुर छुट दिईनेछ।

$\gamma$